# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः ०८ मितिः २०८०।०४।०१

## भाग-१

सम्बत् २०८० सालको ऐन नं ३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँ सभाद्वारा पारित माछापुच्छ्रे गाउँपालिकाको **" स्थानीय मदिरा(अन्न बाली तथा फलफुल बाट)उत्पादन, ब्रान्डिङ् तथा बिक्री वितरण व्यवस्थापन ऐन, २०८०**" सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ।

माछापुच्छ्रे गाउँपालिका

## माछापुच्छ्रे गाउँपालिका

## स्थानीय मदिरा(अन्न बाली तथा फलफुल बाट) उत्पादन, ब्रान्डिङ् तथा बिक्री वितरण व्यवस्थापन ऐन, २०८०

**प्रस्तावनाः**

नेपाल कृषिमा निर्भर रहेको देश हो । अन्नवाली उत्पादनका हिसावले सबै प्रकारका अन्नवाली नेपालमा उत्पादनमा हुन्छ । पहाडी भूभागमा उत्पादन हुने अन्नवालीमा कोदोवाली महत्त्वपूर्ण अन्नवाली हो महाभारत तथा चुरे क्षेत्रमा अत्याधिक उत्पादन हुन्छ । हाम्रो माछापुच्छ्रे गाउँपालिकाको सम्पूर्ण भूभागमा कोदो उत्पादन हुन्छ ।कोदो रोटी र ढिडो बनाएर उपभोग गर्ने गरेको भएता पनि यसको रक्सी बनाएर खाने चलन परापूर्व समयदेखि नै रहेको छ । मदिरा सेवन गर्ने समुदायले आफ्नो धार्मिक साँस्कृतिक रिती स्थिति र परम्परानुसार यसको प्रयोग गर्ने गरेका छन् । नेपाल सरकारले स्थानीय तहमा उत्पादन गरिएको मदिरालाई रक्सी उत्पादन गर्न, त्यसको ब्रान्डिङ् गर्न, त्यसको गुणस्तर निर्धारणमा सहजीकरण गर्नका लागि साथै कम्पनीबाट उत्पादित मदिरा विक्री वितरणको व्यवस्थापन गर्नका लागि नेपालको संविधान, २०७२ को अनुसूची ८ ले दिएको अधिकार प्रयोग गरि यो स्थानीय मदिरा(अन्न बाली तथा फलफुल बाट) उत्पादन, ब्रान्डिङ् तथा विक्री वितरण व्यवस्थापन ऐन जारी गर्न उपयुक्त देखिएकोले माछापुच्छ्रे गाउँपालिकाको यो ऐन जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक खण्ड

**१) संक्षिप्त नाम र प्रारम्भः** क) यस ऐनको नाम **माछापुच्छ्रे गाउँपालिकाको "स्थानीय मदिरा(अन्न बाली तथा फलफुलको रक्सी) उत्पादन, ब्रान्डिङ् तथा विक्री वितवरण व्यवस्थापन ऐन, २०८०"** रहेको छ ।

ख) यो ऐन गाउँसभाबाट पारित भएको मिति देखि तुरुन्तै लागू हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) **"मदिरा"** भन्नाले अन्न, फलफुल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्धारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र

सो शब्दले रक्सी, जाँड, छयाङ, ब्हिस्की, रम, जीन, ब्राण्डी, भोडका, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइन्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

ख) **"उत्पादन"** भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदारा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

ग) **"अनुमतिपत्र"** भन्नाले दफा ७ बमोजिम मदिरा उत्पादन, बिक्री वितवरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

घ) **"ब्रान्डिङ्"** भन्नाले उत्पादनलाई खाद्यवस्तु गुणस्तर नियन्त्रण प्रयोगशालाबाट परीक्षण गराई त्यसलाई पिउनयोग्य हो भनि प्रमाणिकरण गर्ने प्रकृयालाई सम्झिनु पर्दछ ।

ङ) **"स्टिकर"** भन्नाले गुणस्तर चिन्हलाई मदिरा प्याकिङ गरिएको भाडोमा प्रयोग गरिने कुरालाई सम्झिनुपर्दछ ।

च) **"सिलबन्दी"** मदिरा उत्पादन गरिसके पछि त्यसलाघ भाडोंमा बन्द गरेपश्चात अन्तशुल्कबाट गरिने सिलबन्दीलाई बुझ्नुपर्छ ।

छ) **"तोकिएको"** वा "**तोकिएको बमोजिम** " भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद- २
## उत्पादन तथा बिक्री

### ३. घरेलु मदिराको उत्पादन र विक्रीः

क) यस गाउँपालिकाको क्षेत्र भित्र निश्चित क्षेत्र भित्र निश्चित प्रकृया पुऱ्याई अन्न बाली तथा फलफुल बाहेकका घरेलु मदिरा उत्पादन तथा विक्री वितरण गर्न पाइनेछैन । तर, यस दफाले कसैलाई पनि धार्मिक तथा घरायसी प्रयोजनका लागि निश्चित परिमाणमा घरेलु मदिरा उत्पादन गर्न रोक लगाएको मानिने छैन ।

ख) दफा (क) बमोजिम बाहेकको घरेलु मदिरा उत्पादन गरी विक्री गरेमा खानतलासी लिई उत्पादनमा प्रयोग भएका सामानहरु जफत गर्ने र रु ५० हजार सम्म जरिवाना गर्न सकिनेछ ।

ग) यस पालिका भित्र व्यवसायीक रुपमा उत्पादन गरिएको कोदो तथ खुर्पानीको मदिरालाई पालिकाले ब्राण्डिङ् गर्न तथा त्यसको परीक्षण गर्न सहजीकरण गर्नेछ ।

घ) उत्पादित स्थानीय मदिरालाई स्टिकर लगाइ भाँडोमा सिलबन्दी गरेर पछि गाउँपालिकाको प्रतिनिधिको रोहवरमा अन्तःशुल्कको होलोग्राम (चिन्ह) ले सिललाई प्रमाणीकरण गरेर मात्र विक्री गर्न बजारमा पठाइनेछ ।

ङ) त्यसरी अन्तःशुल्कले प्रमाणीकरण नगरेको मदिरा विक्री वितरण गरेको खण्डमा तोकिए बमोजिमको सजाय हुनेछ ।

च) यसरी उत्पादन हुने मदिरा कोदोको मदिरा ह्विस्कीको मापददण्ड अनुसारको र खुर्पानीको मदिरा ब्रान्डीको मापदण्ड अनुसारको उत्पादन गरि खाद्य तथा गुणस्तर प्रयोगशालाबाट त्यसको यूपि (अल्कोहल इकाइ मात्र) २५ प्रतिशत र भि.भि ( Volume by Volume) ४२.३ प्रतिशत कायम गरिनेछ ।

**४. मदिराजन्य वस्तुको विक्रीः**

क) मदिराजन्य वस्तुको विक्रेताले पसल स्थापना गर्न संघीय कानून बमोजिमको प्रक्रिया पुरा गर्नुको साथै यस गाउँपालिकाबाट समेत स्वीकृति लिनुपर्नेछ ।

ख) मदिराजन्य वस्तु विक्री गर्ने पसल खाद्यान्न, किराना वा अन्य पसल खोल्न पाइने छैन यस्ता पसलहरु छुट्टै खोल्नुपर्नेछ ।

ग) यस गाउँपालिका भित्र बेलुका ५ बजेदेखी ९ बजे भन्दा पछि मदिराजन्य पदार्थको विक्री वितरण गर्न पाइने छैन ।

**५. मदिराजन्य पदार्थको प्रयोगः**

क) यस गाउँपालिका भित्र तोकिएको क्षेत्र बाहेक कुनै पनि सार्वजनिक स्थलमा मदिराजन्य पदार्थ सेवन गर्न पाइने छैन । मदिराजन्य पदार्थ सेवन गरि सार्वजनिक स्थलमा होहल्ला वा झगडा गरेमा यस्तो गर्ने व्यक्ति वा समूहलाई नियन्त्रणमा लिन सकिने छ ।

ख) दफा (क) बमोजिम नियन्त्रणमा लिएको व्यक्तिलाई जनही रु एक हजार देखि पाँच हजार सम्म जरिवाना गर्न सकिने छ ।

## <u>परिच्छेद ३</u>

## अनुमति तथा नियन्त्रण

**६. मदिराको उत्पादनमा नियन्त्रणः** कुनै व्यक्तिले अनुमति पत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमति पत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन ।

**७. मदिराको बिक्री वितरणमा नियन्त्रणः**

क) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री, वितवरण गर्न वा मदिरा खुवाउन, बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

ख) प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन।

ग) अठार वर्षको उमेर पुरा नगरेको व्यक्ति तथा गर्भवती महिलालाई मदिरा बिक्री वितरण गर्नु हुँदैन ।

घ) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुँदैन ।

**८. मदिराको निकासी पैठारीमा नियन्त्रणः** कुनै व्यक्तिले सम्बन्धित निकायको अनुमतिपत्र बेगर अनुमति पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

**९. अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेः** यस गाउँपालिका भित्र मदिराको उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न चाहनेले संघीय तथा प्रदेश कानून बमोजिमको प्रक्रिया पुरा गरि यस गाउँपालिकाबाट समेत अनुमतिपत्र लिनुपर्नेछ र अनुमतिपत्र लिनको लागि तोकिए बमोजिमको ढाँचा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**१०. अनुमतिपत्र दिनु पर्नेः** दफा ६ बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा तोकिए बमोजिमको शर्तको अधिनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ । तर अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई अनुमतिपत्र दिइने छैन।

**११. अनुमतिपत्रको अवधि र नविकरणः** अनुमतिपत्र प्रत्येक वर्ष नविकरण गर्नपर्नेछ र नविकरण दस्तुर सम्बन्धी व्यवस्था गाउँपालकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**१२. अनुमतिपत्र रद्द गर्न सक्नेः** तोकिएको अधिकारीले दफा ६ बमोजिम दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्ध गर्न सक्नेछः-

क) अनुमतिपत्र नविकरण नगरेकमा,

ख) अनुमतिपत्रमा तोकिएमा शर्त उल्लङ्घन गरेमा,

ग) दफा ४ विपरीत काम गरेमा ।

**१३. लागू नहुने अवस्थाः** यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा रक्सी जाँड बनाउन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनु पर्ने छैन ।

## परिच्छेद ४

## अनुगमन सम्बन्धी व्यवस्था

**१४. खानतलासी, कब्जा वा नियन्त्रणमा लिन सक्नेः**

**क)** कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिब माफिकको कारण भएमा गाउँपालिकाको बजार अनुगमन समिति वा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ ।

**ख)** उपदफा (क) बमोजिम खानतलासी गर्दा तोकिएको अधिकारीले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ ।

ग) उददफा(ख) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसूर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ ।

**घ)** कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई नियन्त्रणमा नलिए निज भागी जाने सम्भावना छ भन्ने लागेमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निजलाई गाउँ प्रहरी वा स्थानीय तहमा रहेको नेपाल प्रहरीको सहयोगमा निजलाई नियन्त्रणमा लिन आदेश दिन सक्नेछ ।

ङ) तोकिएको अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा नियन्त्रणमा लिदा अपनाउनु पर्ने अनय व्यवस्था तोकिए बमोजिम हुनेछ ।

च) तोकिएको अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा नियन्त्रणमा लिँदा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. नियन्त्रण र कब्जाको प्रतिवेदन दिनु पर्नेः**

यस ऐन अन्तर्गत कसैलाई नियन्त्रणमा लिएको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा तोकिएको अधिकारीले सो कुराको प्रतिवेदन चौबिस घण्टाभित्र छिटो साधनद्वारा प्रमुख प्रशासकीय अधिकृत समक्ष पठाउनु पर्नेछ।

**१६. दुःख दिने नियतले खानतलासी, कब्जा वा नियन्त्रण गर्नेलाई सजायः**

यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुऱ्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई नियन्त्रण गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**१७. मदिरा तथा अन्य सामानको जफत र बिक्रीः**

क) कुनै व्यक्तिले यस ऐन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा तोकिएको अधिकारीले जफत गर्नेछ ।

ख) उपदफा (क) बमोजिम जफत गरिएको मदारामध्ये गुणस्तरयुक्त मदिरा तोकिएको अधिकारीले तोकिए बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

ग) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु तोकिएको अधिकारीद्धे जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ । तर सवारी साधनको हकमा सवारी धनीकव मञ्जुरी रहनेछ भने त्यस्तो सवारी साधन जफत हुने छैन ।

**१८.सहयोग गर्नुपर्नेः** यस ऐन अन्तर्गत सजाय हुने कसुरको तहकिकातको सिलसिलामा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

## परिच्छेद ५
## विवाद निरुपण, दण्ड तथा पुरस्कार

**१९. मुद्दा हेर्ने अधिकारीः** यस ऐन बमोजिम मदिराजन्य वस्तुको उत्पादन, विक्री र उपयोगको कारण उत्पन्न विवाद गाउँपालिकाको न्यायिक समितिले हेर्नेछ । तर, न्यायिक समितिको क्षेत्राधिकार भन्ने बाहेकको विषय संघीय वा प्रदेश कानून बमोजिम हुनेछ ।

**२०. पुनरावेदनः** यस ऐन बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर संघीय कानून बमोजिम पुनरावेदन गर्न सकिनेछ ।

**२१. दण्ड सजायः**

क) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई कसुरको प्रकृतिअनुसार एक लाख रुपैयासम्म जरिबाना हुनेछ ।

ख) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो कामलाई सहयोग गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

**२१. गाउँपालिकालाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असुल गर्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट तोकिएको अधिकारीले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

**२२. पुरस्कारः** क) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा बिगोको बीस प्रतिशत रकम पुरस्कार स्वरुप दिन सकिनेछ ।

ख) उपदफा(क) बमोजिम पुरस्कार दिने प्रयोजनको लाग मदिरा र सो सँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ ।

ग) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नगराउने कार्यपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्रि पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

घ) यस दफा बमोजिम पुरस्कार पाउँने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

ङ) त्यसरी दिने पुरस्कारमा कुनै पनि कर लाग्ने छैन ।

## परिच्छेद ६

## संसोधन, बचाउ तथा खारेजी

**२४. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम तथा कार्यविधिहरु बनाउन सक्नेछ ।

**२५. संशोधन, बचाउ र खारेजीः**

क) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित नेपाल तथा प्रदेश कानून बमोजिम भई वा डिष्टीलरीबाट मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमतिप्राप्त गरेकोलाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

ख) यो ऐन संशोधन वा खारेज गर्न आवश्यक देखेमा गाउँसभाले संशोधन वा खारेज गर्न सक्नेछ।

ग) यस ऐनमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

२६) यसै ऐन बमोजिम हुनेः यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र दफा २५ सम्म लेखिए देखि बाहेक यस ऐन सँग बाझिने प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएको हदसम्म यस ऐनको प्रयोजनको निमित्त खारेज भए सरह मानिनेछ।

**आज्ञाले,**
**वेदहरि अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

माछापुच्छ्रे गाउँपालिका

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की